# नेपाल उद्योग वाणिज्य महासंघ
# Federation of Nepalese Chambers of Commerce & Industry

FNCCI

पत्र संख्या: एजिएम १ - ४५/६८ (            )

२०६८/२/१३

**श्री सदस्य महानुभावहरु,**
**नेउवामहासंघ ।**

**बिषय: विशेष साधारण सभाको सूचना ।**

महोदय,

यस महासंघको विधान २०४९ को दफा ३५ को उपदफा ३५.२ मा महासंघको निर्वाचनको लागि हुने साधारण सभामा विधानको दफा २७.१ को (च) वाहेकको कार्य नहुने र यस वाहेकका बांकी बिषयहरुमा छलफल गर्न जेष्ठ मसान्त भित्र विशेष साधारण सभा गर्नु पर्ने प्रावधान भए अनुसार गत चैत्र २८ र २९ गते भएको महासंघको ४५ औं वार्षिक साधारण सभामा दफा २७.१ को (च) अनुसार निर्वाचनको कार्य मात्र सम्पन्न भएको विदितै छ। यस महासंघको विधानमा व्यवस्था भए अनुसार **"विशेष साधारण सभा"** को औपचारिक कार्यक्रम **२०६८ साल जेष्ठ ३१ गते मंगलवार** र सो दिन भन्दा एक दिन अगाडि अर्थात **जेष्ठ ३० गते साधारण सभा** पूर्वको **अन्तरक्रिया** कार्यक्रम **उद्योग वाणिज्य संघ– चितवनमा विहान** आयोजना गरिने भएको जानकारी गराउन चाहन्छु ।

महासंघको विशेष साधारण सभाको कार्यक्रम निम्न अनुसार रहेको छ:

१. **२०६८ साल जेष्ठ ३० गते सोमवार**

**विशेष साधारण सभा पूर्वको अन्तरक्रिया :**

| | | |
|---|---|---|
| विहान ८:०० बजे | – | प्रतिनिधि दर्ता |
| विहान १०:०० बजे | – | नेपालको अर्थतन्त्रको भावी स्वरुप एवं महासंघको आगामी कार्यक्रमहरु वारे अन्तरक्रिया (यस कार्यक्रमको पूर्ण विवरण कार्यक्रम स्थलमा उपलब्ध गराईने छ ।) |

२. **२०६८ साल जेष्ठ ३१ गते मंगलवार**

| | | |
|---|---|---|
| विहान १०:०० बजे | – | विशेष साधारण सभाको समुद्घाटन |

३. **मूख्य कार्यक्रम:**

३.१ प्रमुख अतिथिबाट विशेष साधारण सभाको समुद्घाटन र सम्बोधन ।

३.२ अध्यक्षबाट विशेष साधारण सभामा सम्बोधन र सम्बोधन माथि छलफल गरी अनुमोदन गर्ने ।

३.३ महानिर्देशकद्वारा "वार्षिक प्रतिवेदन २०६७/६८" प्रस्तुत र सो माथि छलफल एवं अनुमोदन गर्ने ।

३.४ आ.व. २०६६/६७ को लेखा परीक्षकको प्रतिवेदन सहितको वासलात र आय व्यय विवरणको प्रस्तुती सोही माथि छलफल एवं अनुमोदन ।

३.५ लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक ।

३.६ कार्यकारिणी समितिद्वारा प्रस्तुत प्रस्ताव उपर छलफल गरी निर्णय गर्न प्रस्ताव समितिको गठन ।

P.O. Box : 269, Shahid Shukra FNCCI Milan Marg,
Pachali, Teku, Kathmandu, Nepal.
Tel. : 4262061, 4262218, 4266889
Cable : FEDERATION. Fax : 977-1-4261022, 4262007
E-mail : fncci@mos.com.np

पो.ब.नं. २६९, शहीद शुक्र एफएनसीसीआई मिलन मार्ग, पचली, टेकु, काठमाडौं, नेपाल
टेलिफोन : ४२६२०६१, ४२६२२१८, ४२६६८८९
तार : फेडरेशन
फयाक्स : ९७७-१-४२६१०२२, ४२६२००७
इ-मेल : fncci@mos.com.np

STOP Child Labour

http://www.fncci.org

४. **सभामा प्रतिनिधित्वः**

४.१ विशेष साधारण सभामा भाग लिने प्रतिनिधि मण्डलको लागि भर्नु पर्ने प्रतिनिधि पत्र १ (एक) यसै साथ संलग्न छ । उक्त प्रतिनिधि पत्र यही जेष्ठ २९ गतेसम्म महासंघको सचिवालय टेकू, काठमाडौंमा र जेष्ठ ३० र ३१ गते उद्योग वाणिज्य संघ–चितवनमा रहने महासंघको विशेष साधारण सभाको सचिवालयमा विहान ८:०० बजेदेखि विशेष साधारण सभाको औपचारिक कार्यक्रम सुरु हुनु अघिसम्म दर्ता गरिने समेत जानकारी गराउंदछु ।

४.२ विशेष साधारण सभामा भाग लिन प्रत्येक जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघ र बस्तुगत संघबाट मुख्य प्रतिनिधि समेत २ (दुई) जनासम्म र द्विराष्ट्रिय उवासंघ एवं एशोसिएट सदस्यबाट १/१ (एक/एक) जना प्रतिनिधिले प्रतिनिधित्व गर्ने व्यवस्था गरिएको छ ।

४.३ साधारण सदस्य र द्विराष्ट्रिय संघको हकमा अध्यक्ष स्वयं मुख्य प्रतिनिधि रहनु पर्नेछ। अध्यक्ष सभामा उपस्थित हुन नसक्ने भएमा महासंघको विधानको दफा २९(३) अनुसार सम्बन्धित सदस्य संघको कार्य समिति/कार्यकारिणी समितिले आफू मध्येबाट मुख्य प्रतिनिधि नियुक्तिको निर्णयको प्रमाणित प्रतिलिपि प्रतिनिधिपत्र दर्ता गराउनेले भाग लिन पाउने व्यवस्था रहेको छ ।

५. **वार्षिक सदस्यता शुल्क एवं प्रतिनिधि शुल्कः**

५.१ आ.व. २०६७/६८ सम्मको वार्षिक सदस्यता शुल्क नतिरेका सदस्यहरुले विशेष साधारण सभामा भाग लिनका लागि सो शुल्क बुझाउनु पर्नेछ ।

५.२ विशेष साधारण सभामा भाग लिन प्रतिनिधि शुल्क वापत प्रति व्यक्ति रु. १,५००। (अक्षरेपी एक हजार पांच सय रुपैयां मात्र) लाग्ने छ ।

६. **प्रस्तावः**

वार्षिक साधारण सभाको विचारार्थ पेश हुने प्रस्तावहरु भएमा महासंघको सचिवालयमा **२०६८ साल जेष्ठ २४ गते कार्यालय समय** भित्र आई पुग्ने गरी पठाउनु पर्ने छ ।

**संलग्नः**

१. वार्षिक प्रतिवेदन (आ.व. २०६६/६७ को वासलात र लेखापरीक्षकको प्रतिवेदन सहित) ।

२. प्रतिनिधि पत्र थान १ (एक) ।

भवदीय,

( हेमन्त दवाडी )
महानिर्देशक

**बोधार्थः**

श्री अध्यक्षज्यू, नेउवामहासंघ ।
श्री निवर्तमान अध्यक्षज्यू, नेउवामहासंघ ।
श्री वरिष्ठ उपाध्यक्षज्यू एवं उपाध्यक्षज्यूहरु, नेउवामहासंघ ।
श्री कार्यकारिणी.समिति. सदस्यज्यूहरु, नेउवामहासंघ ।